# गुठी

(भूमिअधिकारबारे पढ्ने सामग्री - ३)



- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

## के हो गुठी ?

धार्मिक, सांस्कृतिक, परोपकारी वा सार्वजनिक हितका लागि राखिएको चल-अचल सम्पत्तिलाई गुठी भनिन्छ । यस्तो सम्पत्ति दाताले परोपकारी वा धार्मिक कामका लागि आफ्नो हक त्यागेर दिएको हुन्छ । जसबाट मठ, मन्दिर, पुस्तकालय, औषधालय, पुल, धारा, पर्व, पूजा, जात्रा आदि सम्पन्न गर्न सकिन्छ । दाताले जे प्रयोजनका लागि दिएको हो, त्यसलाई चलाउने, बनाउने, संरक्षण गर्नेबाहेक गुठी नै मास्न पाइन्न ।

राजगुठी र निजी गुठी गरी गुठी खासगरी दुई प्रकारका हुन्छन् । ती राजगुठीको बन्दोबस्त तथा संचालन गर्न गुठी संस्थान खडा गरिएको छ भने निजी गुठीचाहिँ सम्बन्धित गुठियारले संचालन गर्छन् । गुठी संस्थान २०२१ साल कात्तिक १७ गते स्थापना भएको हो ।

गुठीको जमिन ६८ जिल्लामा छ । महोत्तरीको मटिहानी मठ मुलुककै सबैभन्दा बढी सम्पत्ति भएको गुठी हो । यसका १० वटा आफ्नै हात्तीसमेत थिए । केन्द्रबाहेक ११

### काम गर्ने कालु मकै खाने भालु

*सिन्धुपाल्चोकस्थित मेलम्ची घ्याङ गुठीको जमिन धेरैले कमाएका छन् । गणेशवज्र लामा नाम गरेको व्यक्तिले यो गुठीको कुत खाने गरेका छन् । तर सांगे लामा नामक व्यक्तिमार्फत् कुत उठाउने भएकाले न उनले कसैलाई कुत बुझेको भरपाइ दिने गरेका छन्, न सांगेले दिएको भरपाइ आधिकारिक नै हुन्छ । यही कारण यो गुठीको जमिन कमाउनेहरूसँग स्वामित्व दाबी गर्ने कुनै आधार छैन ।*



ठाउँमा मात्र आफ्नै कार्यालय भएको गुठी संस्थानले अन्यत्र मालपोत कार्यालयमार्फत् काम चलाउँछ ।

## यस्तो छ गुठीको इतिहास

२००७ सालअघि गुठी बन्दोबस्त अड्डा भन्ने कार्यालय थियो, जसले श्री ५ को र श्री ३ को गुठी संचालन गर्थ्यो । अमानती गुठी जग्गाको आयस्ताचाहिँ ठेक्का प्रथाद्वारा उठाइन्थ्यो । प्रायः देवस्थलहरुको खर्चसमेत ठेक्काद्वारा नै चलाइन्थ्यो । छुट गुठीहरुको संचालन, बन्दोबस्त भने छुट गुठियारबाटै हुने चलन थियो । गुठी व्यवस्थापनमा लागेको खर्च भने सरकारले बेहोर्ने परिपाटी थियो ।

२००७ सालमा प्रजातन्त्र पुनर्स्थापनापछि गुठी बन्दोबस्त अर्थ मन्त्रालयबाट हुने व्यवस्था भयो । २०१८ सालमा गुठी तहसिल र गुठी खर्च अड्डा गठन भयो, जुन मालपोत विभागअन्तर्गत हुन्थ्यो । गुठी संस्थान ऐन २०२१ जारी भएपछि त्यही ऐनअनुरुप गुठी संस्थान खडा भएको हो । २०२१ सालअघि गुठीको केन्द्रीय अड्डामा गुठी जाँच अड्डा, गुठी लगत जाँच अड्डा, अमूल्य रत्न ग्रन्थ पद्धति, गुठी रकमी किताब दर्ता अड्डा कायम थिए । २०२६ सालमा केन्द्रीय स्तरका यी सबै अड्डा गाभी गुठी लगत तथा तहविल कार्यालय गठन भएको हो ।

## गुठीको सम्पत्ति

नेपालमा राजगुठीको संख्या २०८२ छ । त्यसैगरी अमानत गुठीको संख्या १०५० छ भने छुट गुठी १०३२ र गुठीसम्बन्धी लालमोहरको संख्या ३००५ छ । यसैगरी उपत्यकामा अमानत गुठी काठमाडौं, भक्तपुर र ललितपुरमा क्रमशः ३९३, ८६, ७८ छ भने छुट गुठी २५८, २१५ र ८३ छ ।

यसरी नै राजगुठीमा दर्ता (नापीबमोजिम) जग्गा रैतान नम्बरी ६१६३७ विघा, गुठी अधिनस्थ २२८७ विघा र गुठी तैनाथी २११३ विघा छ । राजगुठीअन्तर्गत मठ मन्दिर ७१७ छन् भने पाटी, पौवा र सत्तल ६४७ छन् । १५९ पोखरी पनि संस्थानअन्तर्गत छन् । रैतान नम्बरीमा परिणत भएको जग्गा १२५० विघा छ भने यसबाट प्राप्त रकम २१०६९८६१७/३४ रुपैयाँ छ । त्यसैगरी अक्षय कोषमा गुठी संस्थानले ३३३०४२४११/६१ रुपैयाँ लगानी गरेको छ ।

## वर्तमान अवस्था

गुठी संस्थानसँग थुप्रै सम्पत्ति छ तर पनि अपवादबाहेक यो हरेक वर्षजसो घाटामा गइरहेको छ । संस्थानले दिएको जानकारीअनुसार अहिले संस्थानलाई वार्षिक ८ करोड रुपैयाँ चाहिन्छ । नत्र प्रशासन, पर्व, जात्रा आदि चलाउन सक्दैन । यो संस्थानले हरेक वर्ष काठमाडौंमा १२८२, ललितपुरमा ४२२ र भक्तपुरमा ३०९ पर्व, जात्रा चलाउनुपर्छ । तर आम्दानी भने वार्षिक ६ करोड मात्र हुने गरेको छ । त्यसैले हरेक वर्ष कम्तिमा २ करोड रुपैयाँ यो संस्थानले नोक्सानी बेहोर्नु परिरहेको छ । ३ करोड जति लगानीको ब्याज मात्र असुल्ने यसले ३ करोडचाहिँ कुत, ठेक्का आदिबाट उठाउने गर्छ ।

### गञ्जागोल छ गुठी

*सिन्धुपाल्चोकका करिब २७ हजार परिवार गुठी समस्याबाट पीडित छन् । यहाँका जोताहाले ६७ हजार १ सय २८ रोपनी जमिन गुठीको कमाएका छन् । यसैगरी ५४ थरिका गुठीको जमिन यस जिल्लामा छ । गुठीको जमिन त यति गन्जागोल छ कि कुन जमिन कसले कमाएको हो, कसलाई कुत तिर्नुपर्ने हो, कुत लिएको मानिस आधिकारिक हो कि होइन, उसको भर्पाइ चल्छ कि चल्छैन जस्ता दर्जनौं जिज्ञासा अनत्तरित छन् ।*

एकातिर संस्थान जात्रा, पर्व चलाउन नसक्ने अवस्थामा पुग्न लागेको छ भने बेलाबेलामा कर्मचारीलाई तलव खुवाउन नसक्ने अवस्था पनि यसले सामना गर्दै आएको छ । अर्कोतर्फ भने स्पष्ट नीति, सोचको अभाव तथा भएका पनि कार्यान्वयन नगर्नाले यो क्रमशः ओरालोलाग्दो अवस्थामा छ । संस्थानले कुनै जमानामा हचुवाका भरमा तयार पारिएको तथ्यांक सार्वजनिक गरे पनि आफ्नो कुल सम्पत्ति कति छ भन्ने जानकारीबाट संस्थान नै वञ्चित छ । अझ आर्थिक वर्ष २०५६/०५७ देखि त अद्यावधिकसमेत नगरिनाले सम्पत्तिसम्बन्धी गन्जागोल अवस्था थपिएको छ ।

कहाँ कसले कति जमिन, देवस्थल वा गुठीको भवन ओगटेको वा मिचेको छ भन्ने जानकारीसमेत गुठी संस्थानलाई छैन । त्यसैगरी कुन जमिनको



कुत कति आउँछ, त्यो कसले उठाइरहेको छ र उठाउने व्यक्तिले कुन हैसियतले उठाउँछ भन्ने जानकारी पनि संस्थानले लिन आवश्यक ठानेको छैन ।

सरकार, अर्धसरकारी, गैरसरकारी संस्था, व्यक्ति, मालपोत वक्यौता आदि गरेर २१९८९८९५१/४३ रुपैयाँ संस्थानले उठाउन बाँकी छ । यो तथ्यांक पनि आर्थिक वर्ष २०५५/०५६ सम्मको मात्र हो, त्यसपछिको संस्थानसँगै उपलब्ध छैन । तर यी रकम सजिलै उठ्न सक्ने स्थितिमा छैनन् भने संस्थानले तरताकेता गर्ने स्थिति पनि छैन । सरकारद्वारा राजनीतिकरुपमा नियुक्त हुने गुठी प्रशासकले सरकारसँग लिनुपर्ने रकम माग्न आँट गर्ने सम्भावना पनि छैन ।त्यसैले कुन गुठीमा अर्थात् कुन जात्रा-पर्वमा कति बली दिनुपर्छ र कति खर्च लाग्छ भन्नेबाहेक कति आम्दानी हुन्छ, कति उठ्न बाँकी छ, कति मिचियो र कति सुरक्षित छ तथा त्यसलाई रोक्न कस्ता कदम चालिएका छन् जस्ता प्रश्नको उत्तर गुठी संस्थानसँग छैन ।

## किसानलाई परेको मार

संस्थानले आफ्नो सम्पत्ति रक्षा गर्न सकेको छैन । आफ्नो अधिकारअनुसारको कर्तव्य पनि निर्वाह गर्न सकेको छैन । त्यसैले संस्थान दिनानुदिन भासिँदै जाँदो छ । तर संस्थानको यो कमजोरी तथा लापरबाहीको शिकार भने प्रत्यक्षरुपमा गुठी जमिन कमाउने जोताहा हुन पुगेका छन् ।



२०२१ सालपछिको नापीका बेला गुठियार, महन्त, पुजारी, खान्गीदार आदिले कुत, मालपोत तिर्नुपर्ने गुठी जमिन आफ्नो नाममा रैकरसरह दर्ता गराए । त्यतिबेला खासगरी तिरो उठाउने जिम्मा पाएकाले यस्तो बद्नियतपूर्ण काम गरे । जसमा कर्मचारी र जान्नेसुन्नेहरुको पनि हात रह्यो । यस कार्यबाट एकातर्फ गुठी संस्थानलाई मर्का पर्‍यो भने अर्कोतर्फ कुत तिरेर खाइरहेको जमिनमा स्वामित्वचाहिँ अर्कैको हुन पुग्ने अवस्थाले जोताहालाई मर्माहत तुल्यायो ।

अझै पनि त्यस्तो जमिनमा जोत्नेचाहिँ अर्कै छ भने जग्गाधनीचाहिँ तिनै कुत उठाउने जिम्मा पाएकाहरु बढी रहेको अवस्था छ । यस्तो अवस्थाले पुस्तौंदेखि जोतिआएको जमिनबाट पाखा लाग्नुपर्ने अवस्था हजारौं जोताहामाथि आइपरेको छ । उनीहरुले कुत तिरेको भर्पाइसमेत पाएका छैनन्, जबकि आफूले जोतेको प्रमाणवापत सर्वप्रथम खोजिने सामाग्री नै कुत तिरेको भर्पाइ हुने व्यवस्था छ ।


### लागू नहुने कानून

*गुठी ऐन २०३३ को संशोधन २०४८ ले गुठी जमिन जोताहाको नाममा रैकर गर्ने भनेको छ तर यो व्यवहारमा उतारिएको भने छैन । यो व्यवस्था कानूनले गरे पनि पुरानो बक्यौता जोताहा किसानले तिर्न सक्ने अवस्था छैन । गुठीको तिरो धेरैको बाँकी रहेको र यो वृद्धि भई जोताहाले धान्नै नसक्ने भएको तथा रैकर गराउन लाग्ने रकम पनि अत्याधिक भएको सम्बन्धित जोताहाको भनाइ छ । पुरानो बक्यौता छुट गरेमा गुठी जमिन रैकर गराउन सहज हुने धारणा जोताहाहरूको छ ।*

*मुलुकमा खेतियोग्य जमिनमध्ये ४२ प्रतिशत गुठी छ ।*

अर्कोतर्फ नापीमा जग्गा दर्ता गर्दा गुठीको नाम साविक लगतअनुसार नमिल्नाले पनि जोताहा किसानले दुःख पाउनुपर्ने स्थिति छ। नापी हुँदा गुठी जनिएका जमिनसमेत दर्ता नहुनाले गुठीको जग्गा साह्रै भद्रगोल अवस्थामा देखिन्छ। गुठी जनिए पनि दर्ता हुन नसकेका जमिन हुनेखानेले नै भोगचलन गरिरहेको अवस्था छ भने त्यसबाट कुत वा कुनै मालपोत उठ्ने सम्भावना पनि छैन ।





गुठी जमिनमा गुठी संस्थान ऐन २०२९ लागू भएपछि मात्र मोहियानी लाग्ने व्यवस्था भएको हो । यो ऐन लागू भएपछि मात्र १५ सय विघा जमिन गुठी संस्थानले खेती गर्न भनी छुट्याएको हो । गुठीको मुख्य सम्पत्ति गुठी तैनाथी जग्गा हो तर यो जग्गामाथि स्थानीय ठालूले गरेको अतिक्रमणलाई पनि संस्थानले रोक्न सकेको छैन ।

गुठी संस्थानले २०१४ सालदेखि तिरो नतिर्नेहरु पनि भएको बताएको छ । तर वास्तवमा गुठीको जमिनमा जोताहा एउटा हुने तर जोताहा र संस्थानबीचमा रहेको अर्को अदृश्य शक्तिले यसरी कुत खाइरहेको छ। खासगरी तिरो उठाउने जिम्मा पाएका पुजारी, महन्त आदिले कुत बुझ्ने तर संस्थानलाई नबुझाइ त्यो आफैं खाने गर्नाले पनि वास्तविक किसानलाई मार परेको छ। एकातिर उसले कुत तिरिरहेको छ भने अर्कोतिर लिनेले संस्थानमा नबुझाउँदा निकैको कुत बाँकी देखिन्छ। फेरि कुत उठाउने सवालमा संस्थान खासै क्रियाशील हुन सकेको पनि छैन ।

गुठी संस्थान ऐन २०३३ को दफा ३६ ले गुठी जग्गाका मोहीले तोकिएको मूल्य तिरी रैतान नम्बरीमा दर्ता गर्न पाउने व्यवस्था गरेको छ। एकातर्फ यस्तो रकम बढी भयो भन्ने गुनासो कृषकहरुको छ भने अर्कोतर्फ यो व्यवस्थाबाट वास्तविक जोताहा लाभान्वित नहुने अवस्था छ। धेरैजसो जमिनमा कुत उठाउनेले आफ्नै मोहियानी लेखाइसकेका छन् भने मोही

नजनिएको वा दर्ता नभएको तर कसैले जोतिरहेको गुठी जमिनमा पनि जोताहाको स्वामित्व कायम हुने अवस्था छैन । कुत लिनेले भर्पाइलगायत्का आवश्यकीय प्रमाण नदिने तथा ऐन र कानूनका नाममा तिनै सम्भवै नहुने प्रमाण खोजिने समस्याले मुलुकभरका गुठी जमिन जोत्नेहरु पीडित छन् ।

अधिराज्यभर रहेका राजगुठीअन्तर्गतका गुठीमा को को गुठियार, महन्त, पुजारी तथा रकमी खान्गीदार छन् भन्ने अभिलेख पनि कतै छैन । त्यसैले जसले पायो, उसैले गुठीको सम्पत्ति र कुत 'लुटको धन, फुपूको श्राद्ध' भनेझैं लुटपाटकै शैलीमा खाइरहेका छन् । अर्कोतर्फ आफूले कमाइरहेको जमिनको कुत जसले उठाइरहेको छ, उसलाई दिनुपर्ने हो कि होइन अर्थात् के आधारमा दिनुपर्ने हो भन्ने जानकारी जोताहालाई पनि छैन । त्यसैले गुठीको सम्पत्ति र कुत 'गाईको कल्चौंडा न बाछाको मुखमा' भइरहेको छ । आफूले वर्षदिन लगाएर उत्पादन गरेको अन्न जहान, छोराछोरी मारेर अवैध मानिसलाई बुझाउनुपर्ने बाध्यता र किन बुझाउने भनेर सोध्न नसक्ने अवस्थाले गरीब जोताहा मारमा परिरहेका छन् । नापीका बेला आफ्नो गराउन सफल कतिपय रकमी खान्गीदार आदिले त भोलि के हो, के हो भन्दै उक्त जमिन बेचबिखनसमेत गर्ने गरेका घटना सयौं भेटिन्छन् ।

**खिइँदैछ गुठीको सम्पत्ति**

*२०४३ सालको नापीमा जानकी मन्दिरको नाममा धनुषा र महोत्तरीमा गरी २८ सय ६७ विघा जमिन थियो । तर अहिले यो मन्दिरको नाममा १० विघा जमिन पनि बाँकी छैन । यही तालले यो मन्दिरको जमिन हत्याउने क्रम जारी रह्यो भने अबको १० वर्षमा मन्दिरको नाममा केही पनि बाँकी नरहने धनुषाका प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेको भनाइ छ । मन्दिरका महन्त रामतपेश्वरदास जनकपुर क्षेत्रका उच्चपदासीन तथा मन्त्री, नेताले नै मन्दिरको जमिन हत्याएको दाबी गर्छन् ।*

## के गर्न सकिन्छ ?

१) गुठी जमिनको एकिन लगत तयार पार्नुपर्छ, जसमा जोताहासमेतको विवरण उल्लेख हुनुपर्छ ।



२) स्थानीय फिल्ड सर्जमिनका आधारमा जोताहालाई मोही बनाउने व्यवस्था गरिनुपर्छ, त्यसपछि मात्र रकम घटाइ रैकर गराउने व्यवस्था हुनुपर्छ र यसका लागि सरकारले ऋण सुविधा उपलब्ध गराउनुपर्छ ।

३) २०२५/०२६ सालदेखि गुठी जाँच कार्य बन्द छ, यसलाई क्रियाशील बनाउनुपर्छ ।

४) निजी गुठी हजारौंको संख्यामा छ तर यसलाई संचालन गर्ने कुनै निकाय हालसम्म छैन, त्यसैले यस्तो गुठी संचालन गर्ने केन्द्रीय स्तरको निकाय गठन गरिनुपर्छ ।

५) दरिद्र जोताहालाई मारेर परम्पराको नाममा थामिनसक्नु पर्व जात्रा चलाउने काम बन्द गर्नुपर्छ । अर्थात् पर्व, जात्रा आदिलाई समयानकूल र सान्दर्भिक बनाउनुपर्छ ।

६) छुट गुठीका गुठियारले छुट गुठीलाई निजीसरह मानेर उपयोग मात्र हैन, बेचबिखनसमेत गर्दै आएका छन्, यस्तो कार्य रोकी बेचिएको जमिन फिर्ता गराउनुपर्छ ।

७) सम्पूर्ण गुठीको आम्दानी-खर्च दुरुस्त राख्न लगाउने कानूनी व्यवस्था जरुरी छ, यसको शुरुवात् गुठी संस्थानबाटै हुनु आवश्यक छ ।

८) मिचिएका गुठीका सम्पत्ति, जमिन फिर्ता गर्ने अभियान चलाउने र यसको शुरुवात् सरकारी तवरबाट मिचिएका जमिनबाट गर्ने

९) अहिले गुठी समस्या समाधान गर्न आयोग बनेको छ तर यसअघिका तीन वटा आयोगका प्रतिवेदन त्यत्तिकै थन्किएका छन् । अघिल्ला आयोगका प्रतिवेदन खोल्दै नखोली नयाँ आयोग गठन गर्नुको औचित्य र पछिल्लो प्रतिवेदनचाहिँ कार्यान्वयन हुन्छ भन्ने आधार के हो ? आयोग गठनकर्ताले उत्तर दिनुपर्छ ।

१०) मठ-मन्दिर, सार्वजनिक महत्वका तथा पुरातात्विक जग्गा गुठी संस्थानको नाममा रैकर गरिदिने, गुठी अधिनस्थ जग्गा जोताहाको नाममा सरल ढंगले रैतानी गरिदिने र समग्रमा सम्पूर्ण गुठी जग्गालाई रैकर बनाउनु आवश्यक देखिन्छ ।

*गुठी जमिन गुठीकै मोहीलाई*
*रैतानी गरियोस् ।*

नेपालमा व्यवस्थितरूपमा भूमिसुधार कार्यक्रम लागू भएको ४२ वर्ष बितेको छ । तर पनि भूमिसँग जोडिएका दर्जनौ समस्या अहिले पनि जस्ताका तस्तै छन् । हदबन्दी लागू भएको छैन, बनेका कानून लागू भएका छैनन्, यस्तो अवस्थाबाट यही मुलुकमा बसोबास गर्ने लाखौं जनताले भूमिअधिकारबाट वञ्चित भइरहनुपरेको छ ।

यस्तो अवस्थाबीच एक दशकदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमिअधिकारको सवालमा कार्यरत् छ । यही क्रममा भूमिसम्बन्धी पढ्ने सामग्रीको अभाव सर्वत्र महसुस हुन पुग्यो । त्यसैले भूमिसम्बन्धमा चासो राख्नेहरूका लागि उपयोगी हुन सकोस् भनेर यो सामग्री तयार पारिएको छ ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**पो.ब.नं. १९७९०, काठमाडौं, नेपाल, फोन** : ९७७-१-४३६०४८६
E-mail: landrights@csrcnepal.org
Website: www.csrcnepal.org